# प्रदेश लोक सेवा आयोग

## कोशी प्रदेश, विराटनगर, नेपाल

# प्रेस विज्ञप्ति

नेपालको संविधानको धारा २४४ को प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था अनुसार प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशले आ.व. २०८१/०८२ मा सम्पादन गरेका कामकारबाहीको छैटौं वार्षिक प्रतिवेदन प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ४९ को उपदफा (१) को व्यवस्था बमोजिम माननीय प्रदेश प्रमुख समक्ष पेश गरेको छ।

प्रस्तुत प्रतिवेदनमा उम्मेदवार छनोट गर्न लिएको परीक्षा र परीक्षामा संलग्न भएका तथा उत्तीर्ण भएका परीक्षार्थीको सङ्ख्यात्मक विवरण, विभिन्न निकाय वा तहलाई आयोगले दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई विभागीय कारबाही र सजाय प्रस्ताव गर्दा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था, विभिन्न सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा दिएको परामर्श र त्यस्तो परामर्श कार्यान्वयनको अवस्था, प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा र स्थानीय तहको संगठित संस्थाको सेवामा सुधार गर्नुपर्ने विषय लगायतका विषयवस्तु समावेश गरिएका छन्।

यस प्रतिवेदन अवधिमा लक्ष्यको नजिक पुग्न आयोग सफल भएको छ। सम्मानित अदालत समक्ष परेका रिट निवेदनको अन्तिम टुङ्गो लाग्न बाँकी रहेका विज्ञापन बाहेक अन्य विज्ञापनको परीक्षा सञ्चालन तथा अधिकांश विज्ञापनका उत्तरपुस्तिका परीक्षणको कार्य सम्पन्न भएको छ। प्रतिवेदन अवधिसम्म सम्मानित अदालतमा विचाराधीन मुद्दाहरूको संख्या ५० रहेको छ।

आयोगको कामकारबाही सम्बन्धमा स्थापित सिद्धान्त मूल्य र मान्यताहरू अवलम्बन गरी योग्यता, निष्पक्षता, स्वच्छता र समावेशिता जस्ता मूल्य मान्यतालाई आत्मसात गर्दै समान अवसर, द्विअन्ध, परिचयशून्यता, असंलग्नता तथा गोपनीयताको सिद्धान्तलाई आयोगले कार्य सम्पादनको मूल आधारको रूपमा ग्रहण गरेको छ। यी कार्यसम्पादनका लागि आयोगमा ३६ दरवन्दी रहने गरी संगठन संरचना स्वीकृत भएको छ।

प्रतिवेदन अवधिमा आयोगबाट जम्मा रु. ९ करोड ९८ लाख ५३ हजार ३ सय ४४ रुपैयाँ ७२ पैसा राजश्व संकलन भएको छ, जुन आ.व. २०८०/०८१ भन्दा ३२९.६६% ले बढी हो। आयोगको वित्तीय प्रगति आ.व. २०८०/०८१ को ९०.१४% बाट वृद्धि भई प्रतिवेदन अवधिमा ९५.४२% पुगेको छ। सम्मानित सर्वोच्च अदालतमा विचाराधीन रहेको कर्मचारी समायोजन ग्रेड सम्बन्धी बेरुजु रु. २४ लाख १५ हजार ९ सय ३३ रुपैयाँ ४० पैसा बाहेक अन्य कुनै पनि बेरुजु बाँकी छैन।

प्रतिवेदन अवधिमा निर्माण भएका ७७ वटा पाठ्यक्रम सहित हालसम्म प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको संयुक्त पाठ्यक्रम ९७ वटा, प्रदेश निजामती सेवाको मात्र २ वटा र स्थानीय सरकारी सेवाको मात्र १ वटा गरी कुल १०० वटा पाठ्यक्रमहरू निर्माण तथा परिमार्जन भई प्रयोगमा रहेका छन्। प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा समूह र तहको शैक्षिक योग्यता सम्बन्धमा हालसम्म २१ वटा निर्णयहरू भएका छन्। प्रतिवेदन अवधिमा विभिन्न विषयमा आयोगबाट १०४ वटा निर्णयहरू भएका छन्।

आयोगको आ.व. २०८१/०८२ को वार्षिक कार्यतालिका बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा तर्फ माग भई आएका पद संख्याहरूको प्रतिशत निर्धारण गरिएका कुल १,३८५ पद मध्ये खुला तथा समावेशी तर्फ १,०३५, अन्तर तह प्रतियोगिता तर्फ १४, आन्तरिक अन्तर सेवा प्रतियोगिता तर्फ २१ गरी जम्मा १,०७० पदका लागि विज्ञापन प्रकाशन गरिएको छ भने बढुवा तर्फ ३१५ पदको लागि बढुवा सूचना प्रकाशन भएको छ। प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत खुला प्रतियोगिता तर्फ कुल १,०३५ पद संख्याको लागि विज्ञापन भएका मध्ये खुलातर्फ ६०७, आदिवासी जनजातितर्फ १८०, महिलातर्फ १४५, दलिततर्फ ४९, थारुतर्फ २१, मधेशीतर्फ १३, मुस्लिमतर्फ १३ र

अपाङ्गतर्फ ७ पद संख्या रहेको छ। त्यसै गरी विगत वर्षहरूमा प्रतिशत निर्धारण भई पदपूर्ति हुन बाँकी रहेका स्थानीय सरकारी सेवा अन्तर्गत बढुवा तर्फका कुल ६०५ पदको बढुवा सूचना प्रकाशन गरिएको छ।

प्रतिवेदन अवधिमा प्रदेश निजामती तथा स्थानीय सरकारी सेवा तर्फ विज्ञापित पदमा कुल १,२०,३२३ दरखास्त परेका छन्। यस अवधिमा पर्न आएको कुल स्वीकृत दरखास्त मध्ये प्रति पद औसत दरखास्त १११.१२ रहेको छ। भौगोलिक क्षेत्र अनुसार सबैभन्दा बढी तराई क्षेत्रको ५०.०३%, प्रदेशगत वर्गीकरण अनुसार कोशी प्रदेशको सबैभन्दा बढी ३२.१३%, जिल्लागत रूपमा सप्तरी जिल्लाको सबैभन्दा बढी ७.२२% दरखास्त परेको देखिन्छ।

प्रतिवेदन अवधिमा लिखित परीक्षा सञ्चालनका लागि १,१५१ सेट कच्चा प्रश्नपत्र निर्माण गरी नियमानुसार परिमार्जित ७२३ थान प्रश्न पत्र सेट तयार गरिएको छ। यस अवधिमा विगत आर्थिक वर्षका बाँकी र यस आर्थिक वर्षमा प्रकाशित विज्ञापनका समेत गरी जम्मा १४२८ पदका लागि लिखित परीक्षा सञ्चालन गरिएको छ। परीक्षामा औसत उपस्थिति दर भने ६३.७९% रहेको छ। प्रतिवेदन अवधिमा लिखित परीक्षामा सम्मिलित ९०,५४८ उम्मेदवारहरूको जम्मा १,७६,७९२ थान उत्तरपुस्तिका परीक्षण सम्पन्न गरी नतिजा प्रकाशन गरिएको छ।

आ.व. २०८१/०८२ मा आयोगबाट गत आ.व.को क्रमागत विज्ञापन तथा यस आ.व.को विज्ञापन समेतको अन्तिम नतिजा प्रकाशन गरी माग पद संख्या ५७० का लागि ५५२ जना उम्मेदवार सिफारिस गरिएको छ जसमध्ये सबै समूह तर्फ गरी जम्मा ११२ जना (२०.२९%) महिला उम्मेदवार सिफारिस भएका छन्। सबैभन्दा बढी वन सेवामा २६७ जना सिफारिस गरिएको छ। भौगोलिक क्षेत्र अनुसार सबैभन्दा बढी तराई क्षेत्रबाट (३२.६१%) सिफारिस भएको छ, जुन आ.व. २०८०/०८१ भन्दा करीब १६% ले घटेको देखिन्छ। प्रदेशगत रूपमा सबैभन्दा बढी कर्णाली प्रदेशबाट (३४.०६%) सिफारिस भएको छ, जुन अघिल्लो आ.व.को तुलनामा बढेको देखिन्छ। जिल्लागत रूपमा सबैभन्दा बढी सिफारिस हुने पाँच जिल्लाहरूमा क्रमशः जुम्ला, रुकुम (पश्चिम), मोरङ, सिराहा र सल्यान रहेका छन्। यस अवधिमा जम्मा ६५ जिल्लामा स्थायी ठेगाना रहेका उम्मेदवारहरू कोशी प्रदेशका विभिन्न ४१ स्थानीय तहहरू र ७ मन्त्रालयहरूमा सिफारिस भएका छन्। यस अवधिमा आयोगबाट विभिन्न मन्त्रालय तथा स्थानीय तहहरूको माग बमोजिम जम्मा २२ जना वैकल्पिक उम्मेदवार सिफारिस गरिएको छ।

आयोगबाट समावेशी समूहहरू तर्फ प्रतिवेदन अवधिमा ४२८ पदका लागि कुल २१५ वटा विज्ञापन प्रकाशन भएकोमा १,०२,३९५ दरखास्त स्वीकृत भएका थिए। यस अवधिमा समावेशी समूह तर्फ १८६ जना उम्मेदवार सिफारिस भएका छन् जसमा ४३.०१% आदिवासी जनजाति, ३३.८७% महिला, १०.२२% दलित, ४.३०% थारु, ३.२३% मधेशी, ३.२३% मुस्लिम र २.१५% अपाङ्ग समूह तर्फ पर्दछन्। प्रतिवेदन अवधिमा महिला उम्मेदवारहरूको सिफारिस महिला समूह लगायत आन्तरिक प्रतियोगिता, खुला तथा अन्य समावेशी समूहबाट समेत उल्लेख्य रूपमा भएको देखिन्छ।

आयोगको कामकारवाहीलाई सूचना प्रविधि मैत्री बनाउन पदपूर्तिका मागदेखि सिफारिससम्मको चरणमा सूचना प्रविधिको प्रयोग र अवलम्बन हुँदै आएको छ। दरखास्त प्रणाली व्यवस्थित गर्न Province Public Service Recruitment Management System (PPSRMS) नियमित रूपमा सञ्चालनमा ल्याईएको छ। उम्मेदवारले कुल प्राप्ताङ्क हेर्नको लागि अनलाईन प्रणाली (result.psc.koshi.gov.np), दरखास्त व्यवस्थापन, नतिजा प्रकाशन र सिफारिसको जानकारीका लागि bulk SMS को व्यवस्था गरिएको छ । नेपाल सरकार तथा प्रदेश सरकारको नीति बमोजिम कार्यान्वयनमा रहेका विद्युतीय प्रणाली (GIOMS, RMIS, CGAS, PAMS, e-attendance इत्यादि) लाई आयोगले पूर्ण रुपमा अबलम्बन गरेको छ। आयोगको रणनीतिक योजना आ.व. २०८०/०८१-२०८५/०८६ वार्षिक कार्यतालिका तथा बजेट मार्फत क्रमशः कार्यान्वयन गर्दै लगिएको छ। आयोगको आफ्नै

जग्गा र भवन निर्माण, अनुगमन तथा निरीक्षण, इ-लाइब्रेरी लगायतका विषयका अतिरिक्त रणनीतिक योजनाका अधिकांश अपेक्षित नतिजाहरु प्राप्त गर्ने तर्फ आयोग अग्रसर रहेको छ ।

प्रतिवेदन अवधिमा पनि आयोगको ध्यानाकर्षण भएका विषयहरू विभिन्न २३ बुँदामा समावेश गरी सुझाव प्रस्तुत गरिएका छन् । सुझावहरू सम्बन्धित निकायहरूबाट पूर्ण कार्यान्वयन हुने अपेक्षा आयोगले गरेको छ ।

मितिः २०८२।५।१६

प्रकाश गुरूङ्ग

(उपसचिव)

प्रवक्ता